*Unity Journal*
Vol.5, 379-391, Feb 2024
https://doi.org/10.3126/unityj.v5i1.63165
Prithivi Narayan Shah Research Center
Directorate General of Military Training, Nepali Army
Kathmandu, Nepal

ISSN - 2717-4751

***Article history***
*Received: 19 Nov 2023*
*Accepted: 11 Jan 2024*

# नेपाल देशको अस्तित्वको आधारस्तम्भ–नेपाली सेनाः एक ऐतिहासिक सिंहावलोकन

**राजाराम सुवेदी***

**लेखसार**

संसारका प्रत्येक देशको निर्माणार्थ आ-आफ्नो राष्ट्रिय सेनाको संरचना गरिएको हुनाले त्यस देशको समृध्दिमा सेनाको अहम् भूमिका रहेको हुन्छ। सेना विनाको स्वतन्त्र देश सोच्नु बहना विनाको डुंगाले सागर तर्ने प्रयास गर्न खोज्नु जस्तै मानिन्छ। प्रत्येक देश संरचनाको इतिहासमा बलिष्ठ र सङ्गठित सेनाको दिग्विजयका घटनाहरुको फिहरिस्त र भूमिका रहेको हुन्छ किनकि सेनाको संलग्नताबिना कुनै देशको संरचनादेखि ऐतिहासिक घटनाको प्रसङ्ग कमै पाउन सकिन्छ। सेनाको प्रबन्ध तथा परिचालन केवल मानव सभ्यताको आरम्भबाट मात्र नभई देवी-देवताकै पालादेखि हुँदै आएको पाइन्छ। किनभने देवताको युद्ध बारम्बार दैत्य या असुरसँग भई आएको वर्णन पुराणहरुमा यत्रतत्र उल्लेख गरिएको छ। त्यति बेलाबाटै मायाबी युद्धबाहेक सेना ४ प्रकारका भएको बताइन्छ : स्थल सेना, जल सेना, अश्वारोही सेना/रथारोही सेना र गजारोही सेना। पुराणकालमा लेखिएका घटना र आख्यानहरुमा देवताका सेनाको नेतृत्व या त  श्रीस्कन्दकुमारले या त श्रीगणेशले गरेको पाइन्छ। देवासुर सङ्ग्राममा देवताको नेतृत्व श्रीषडानन कुमारले र श्रीगणेशले पालै पालो गरेका आख्यानहरु श्रीस्कन्द पुराण केदार खण्डको श्री स्वस्थानी ब्रतकथामा साह्रै प्रचलित छन्। श्रीगणेशलाई गणपति भनी स्तुति गर्दा ***"सङ्ग्रामे शङ्कटश्चैव बिघ्नस्तस्य नजायते"*** (अथवाः युद्ध, सङ्कट र बिघ्नबाधा परेका बेलामा श्री गणेश देवताले रक्षा गरुन्) भन्ने श्लोकको आशयबाट श्री गणेश देवता सेना प्रमुख भएको स्पष्ट बुझिन्छ। वर्तमानकालमा पनि ४ किसिमका सेना भन्नाले  पैदल सेना, यान सेना (गाडा, बग्गी, हौदा, मोटर, लहरी, रेल), वायुयान सेना र जल सेना (युद्धपोत) आदिलाई जनाउँछ। तापनि सेना प्रायः तीन प्रकारको हुन्छ : जलसेना, स्थलसेना र नभसेना।

**शब्दकुञ्जीः** अराजक, सुव्यवस्था, अनर्गल, पुराण–इतिहास , गरिमामय, अदूरदर्शी, समर, असुर, दिग्भ्रमित, वंशानुगत, प्रत्युपकार, झराले सेना

## परिचय

राज्य या देश भन्नाले कुनै निश्चित भूभागलाई निर्दिष्ट गर्दछ भने राष्ट्र भन्नाले कुनै देशको भूभाग, भावनात्मक एकतामा आवद्ध जनता, सरकार र सार्वभौमसत्ता जस्ता चारवटा तत्वलाई जनाउँछ। संसारका प्रत्येक देशका बासिन्दामा आफ्नो राष्ट्ररक्षाको अनिवार्य दायित्व रहेको  हुन्छ। तर राष्ट्रको रक्षार्थ सबल र दक्ष सेनाको दरकार पर्दछ। सेनालाई त्यसै सरकारले पालेको हुँदैन, उसलाई धेरै दायित्वहरु बहन गर्न लगाइएको हुन्छ। त्यसका

* Former Head of Central Department of History, TU, Kirtipur
Email ID : historianrajaramsubedi@gmail.com

निम्ति सेनालाई आधारभूत सामरिक योजना तालिम (Training on Strategic planning), दुर्ग (Fort), आड (Cover of fire, Section size), प्याड (Trench), आरक्षण (Reserrve, Platon size), दफन्ने र भुक्याउने (Deceptive), छेक्ने र रोक्ने (Delay and disrupt), बर्बादी गर्ने (Destroy), सुराकी गर्ने (Conceal, spy, detect), असबाब (Ordnance), घाइते कक्ष (Dispensary), बारुदखाना (Arsenal), हतियार (Armour), बिष्फोटन (Blast), कैदखाना (Pow camp), जनाना कक्ष (Women appartment), सुरुङ मार्ग (Tunnel Pass), मोर्चा (Front), चौकी (Duty post), जगेडा (Resorve force), तयारी सेना (Standby), सङ्कटकाल (Energency moment), आक्रमण (Charge), सैन्यमार्ग (Avanue), सेना लुक्ने खाल्टो (Ditch, bunker), समाज सेवा (Social service), जनउद्धार (Resque), सुरक्षा (Security) र प्रत्याक्रमण (Counter attack) जस्ता तालिम अनिवार्य चाहिन्छन् । जसरी तसरी पनि राष्ट्र र जनरक्षाको निम्ति नै प्रत्येक देशमा तीखो र मजबूत सेना अपरिहार्य ठानिएको हुन्छ । देशमा चुस्त सेनाको अभावमा राजनीतिक, कूटनीतिक, आर्थिक, सामाजिक, सांस्कृतिक, औद्योगिक, वातावरणीय, शान्ति, पारवाहन, यातायात, सञ्चार तथा नागरिकका अधिकार जस्ता सारा संयन्त्रको सुरक्षाको आधार नै हराउँछ । सेनाबिना राज्यमा अराजक वातावरण आएर आतङ्क सिर्जना भई गरीब निमुखाहरुको बिजोग हुनुसँगै त्यस्तो देशको आन्तरिक मामलामा वैदेशिक घूसपैठ सुरु हुन्छ र देशको अस्तित्व नै खतरामा पर्दछ । सेनाको काम युद्ध मात्र गर्नका निम्ति हो भन्ने सामान्य मानिसको साँघुरो सोच या चिन्तन रहेको देखिन्छ । सेनाको काम त देशमा शान्ति, सुव्यबस्था, अमन चयन कायम गर्नेस देशको साँस्कृतिक, प्राकृतिक, सामाजिक र भौतिक जस्ता चौतर्फी विकास गर्नेस जनताको धनजनको सुरक्षा गर्ने, देशभरिका प्राकृतिक र साँस्कृतिक निधि तथा विश्वसम्पदाहरुको रक्षा गर्ने, बाढी पहिरो, महामारी, जातीय दङ्गा, क्षेत्रीय दङ्गा, हिंसा, आतङ्कबादी गतिविधि तथा त्यस्ता क्रियाकलाप, प्राकृतिक प्रकोपबाट धनजनको रक्षा गर्ने, स्वदेश तथा विदेशमा शान्ति कायम गराउन शान्ति सेनाको रुपमा मद्दत गर्न जाने आदि ब्यापक कार्य सेनाले गरेको हुन्छ । दुर्गम तथा आपद् बिपद्मा परेका, असहाय, अपाङ्ग, बिमारी, सुत्केरी, घाइते, बालबालिकालाई उद्धार गर्ने काम सेनाबाट नै इमान्दारिताकासाथ हुने गर्छ । सेनाले सदा सर्वदा इमान्दार काम गरेको हुन्छ । कथं-कदाचित् राज्यको शासन प्रणाली सञ्चालन हुन सम्भव नभएको अवस्थामा आइ पर्ने सारा काम गर्न सक्ने दक्ष जनशक्तिलाई सेनाले प्रशिक्षित गराइराखेको हुन्छ । केवल राजनीतिक नाराको आडमा बिस्तार गरिएका देशहरु बेला-कुबेला टुक्रिएका उदाहरणहरु छन् तर साँस्कृतिक रुपमा एकीकृत भएका देशहरु एक ढिक्का भएर रहेका हुन्छन् । नेपाली सेनाले विभिन्न कालखण्डमा बिभिन्न गोताहरु खाँदै आएर पनि आफ्नो पुरातन वैदिक, बौद्ध, सनातन, किरात, बोम्पो, पितृधर्म र प्राकृत धर्मका आडमा आफ्नो प्रादेशिक अक्षुण्णता कायम गर्न समर्थ रहिआएको छ । नेपाली सेनाले ऐतिहासिक कालबाट आफूलाई मूलतः नेपालको एकीकरण, प्रशासन, सामरिक अध्ययन, शान्ति सुरक्षा, जनसहयोग, जनताको परिपालन गर्दै आएको देखिन्छ । तसर्थ इतिहासका विभिन्न कालक्रममा नेपाली सेनाले खेलेका अहं भूमिकाका बारेमा यहाँ विशद चर्चा गरिन्छ ।

## कृति समीक्षा

**खत्री, टेकबहादुर, (२०४१) शाही नेपाली सेनाको इतिहास, काठमाण्डौः शारदा कुमारी ।**

यस लघुकाय कृतिमा नेपाली सेनाले वि. सं. १७९९ देखि वि.सं. १९८० सम्म एकीकरण र त्यसपछि खेलेका बिभिन्न भूमिकाको संक्षेपमा वर्णन गरिएको छ । यस कृतिमा नेपली पल्टनको आरम्भकालदेखि नेपाल र ग्रेटबृटेनबीच भएको नेपाललाई बृटेनले सम्प्रभू राष्ट्र मान्यतासहित घोषणा गरेको समयलाई केन्द्रबिन्दू बनाइएको छ त्यसबीचमा नेपाली सेनाले खेल्दै आएको भूमिका प्रस्तुत गरिएको छ ।

**शर्मा, शिवप्रसाद र अरु, (२०४९) नेपालको सैनिक इतिहास, काठमाण्डौंः शाही नेपाली जङ्गी अड्डा ।**
शाही नेपाली सेनाका तर्फबाट राजतन्त्रात्मक शासनमा प्रकाशित पहिलो र अन्तिम शाही नेपाली सेनाको आरम्भकालबाट २०४९ सालसम्मको वर्णन भएको कृति बन्न गएको छ । तर यस कृतिमा नेपालका एकीकरणका नायक, नेपाल राष्ट्रका निर्माता श्री ५ पृथ्वीनारायण शाहका विषयमा लेखकहरुबाट कुनै मूल्य, मान्यता र योगदानको कतै वास्ता गरिएको पाइन्न ।

**मानन्धर, त्रिरत्न र अरु, (२०६९) नेपाली सेनाको इतिहास, काठमाण्डौंः जङ्गी अड्डा, भद्रकाली ।**
यस कृतिमा नेपालमा लोकतान्त्रिक गणतन्त्र आउनुपूर्व, त्यसपछिको नेपाली सेनामा आएको परिवर्तन र आधुनिकीकरण शीर्षकमा उल्लेख भएको भए पनि दशवर्षे माओवादी द्वन्द्व तथा सङ्कटकालीन अवस्था र नेपाली सेनाले के कस्ता गोता, चुनौति, हिंसा र हत्याहरुको सामना गर्नु पर्‍यो भन्ने काहिँ पनि ऐतिहासिक चर्चा छैन ।

**मानन्धर, त्रिरत्न र अरु, (२०७७) नेपाल एकीकरणको इतिहास, काठमाण्डौंः नेपाली सेना, भद्रकाली ।**
नेपाली सेनाले नेपाल एकीकरण मार्गको सिलसिलामा तयार पारेको कृति अपर्याप्त छ । नेपालको एकीकरणको आरम्भ त लिच्छवि राजा मानदेवकै पालाबाट शुरु भएको मान्नु पर्ने हुन्छ । किनभने नेपालको सिर्जना केवल श्री ५ बडामहाराजाधिराज पृथ्वीनारायण शाहबाट मात्र भएको होइन । यसको इतिहास गोपाल, महीषपाल, किरात, लिच्छवी, मल्ल (उपत्यकाका मल्ल र कर्णाली प्रदेशका मल्ल), सिमरौनगढका कर्णाटक, बाइसी, चौबीसी, उपत्यकाका ३ राज्य र पूर्वका ३ सेन राज्यहरुलाई पनि समेट्नु पर्छ । यसो नगर्दा नेपालको इतिहास लङ्गडो हुन्छ । नेपालको केवल वि. सं. १८०० बाट स्थापित भएको राष्ट्र होइन, पुरातन वैदिककालबाटै स्वतन्त्र भइआएको राष्ट्र हो, जसका ठोस आधार प्रमाणहरु प्रशस्त छन् । वर्तमान नेपालको महाकाली भन्दा पश्चिम र मेची पूर्वतिर विस्तार र केवल आकुञ्चित क्षेत्रलाई मात्र एकीकरण भन्नु न्यायपूर्ण कुरा होइन ।

**विष्ट, सोमध्वज, (२०२०) शाही सैनिक इतिहास, कामाण्डौंः चौ नारायणजङ्ग शाह, नरेन्द्रमानसिँह बस्नेत ।**
ऐतिहासिक गोरखा राज्यको स्थापनाकालबाट अर्थात् वि. सं १६१६ बाट २००४ सालसम्मको यस कृतिले छोटकरीमा वर्णन समेट्न सकेको पाइन्छ, तापनि धेरै वर्णनहरु संशोधनयोग्य लाग्दछन् ।

हाम्रो लक्ष्य नेपाल राष्ट्र दक्ष सेनाको अभावमा राष्ट्रकोरुपमा कदापि जीवन्त रहन सक्दैन भन्ने नै हो, नेपाली संस्कारलाई मध्य नजर गरी यो लेख तयार पारिएको हो, आत्मरतिको निमित्त तयार पारिएको होइन, त्यसबारेका सन्दर्भहरु केही मात्रामा सहयोगी ठानी यहाँ छोटो समिक्षा गरिएको हो ।

## अवधारणात्मक उपस्तम्भ

संसारभरका कुनै पनि राष्ट्रको निर्माणार्थ राष्ट्रिय सेना अपरिहार्य कुरा हुनाले त्यस देशको निर्माण र समृध्दिमा सेनाको अहम् भूमिका रहेको हुन्छ । सेनाविनाको स्वतन्त्र राष्ट्र सोच्नु बहना विनाको डुङ्गा जस्तै मानिन्छ । राष्ट्रमा बलिष्ट र सङ्गठित सेनाको आडमा देशको संरचना तथा परिचालन मानव सभ्यताबाटै भइआएको पाइन्छ । नेपाल देशवाचक शब्दकोरुपमा प्रयोग भएको ३००० वर्ष पूर्वकालदेखिको इतिहास पाइएको छ । तापनि लिच्छवी राजा जय वर्मा, राजा मानदेवदेखि अभिलिखित स्रोत रहेको जीवन्त तथा अकाट्य इतिहास नेपाल राष्ट्रको धरोहरकोरुपमा रहिआएको कुरा विश्वसामु डटेर प्रस्तुत गर्न सकिन्छ । यति प्राचीन राष्ट्रलाई समृद्ध पार्ने हाम्रा पूर्वजहरुको गाथाको संरक्षणको विरासत नेपाली सेनाले थामी आएको छ । सेना बिना राष्ट्रको कल्पना गर्नु मृगमरीचिका समान हुन जान्छ, अझ पनि बुद्धिमानीपूर्वक राष्ट्रको उन्नति चाहनेहरुले यस कुरालाई गहनतासाथ विचार गरी सेनालाई गतिशील तुल्याई आधुनिकीकरण तथा स्तरोन्नति गर्नु पर्ने हुन्छ । त्यस्ता अनेक प्रमाणहरुका आधारमा यस लघु लेखमा नेपाली सेनाले प्राचीनकालबाट आजसम्म निर्वाह गरिआएको भूमिकाको सप्रमाण प्रस्तुतीकरण गर्ने प्रयत्न भएको छ ।

## उद्देश्य

महाभारतको युद्धमा नेपालको सहभागिता भएको उल्लेख पाइएको हुनाले यो देश अनादि कालदेखि अस्तित्वमा रहेको देखिन्छ। केही प्रामाणिक स्रोतले नेपाल विक्रम-पूर्व ६०० देखि स्वतन्त्र अस्तित्वमा रहेको उल्लेख गरेका छन्। (नेपाल, २०४०, पृष्ठ, २-८)। यसै सन्दर्भमा राष्ट्रनिर्माणमा नेपाली सेना शुरुदेखि मेरुदण्डको रूपमा रहिआएको र यसका चौतर्फी क्रियाकलापहरुको झलक प्रस्तुत गर्नु नै यस अध्ययनको मूल उद्देश्य रहेको छ।

## समस्या कथन

राज्य सञ्चालन कार्यमा जन-प्रतिनिधि र केही मात्र कर्मचारी भए त देश चलिहाल्छ, नेपालले कुनै देशसंग युद्ध गर्नु परेको पनि छैन, सेनाजस्तो ब्यारेकमा बस्ने, खाने मात्रको उत्पादनहीन जनशक्ति निष्कृय पालेर किन राख्नु ? त्यस्तो सेनाको के काम छ ? भन्ने मत विदेशीहरुको प्रभाववश बेलाबेलामा सर्बसाधारण नेपाली जनतामा प्रबाह गरिँदै आएको पाइन्छ। अवोध जनताहरुका निम्ति यस प्रकारको भ्रमात्मक कुराको आशङ्का प्रबाह गर्दै जानु मुलुकको निम्ति हितकारी तथा शोभादायक कदापि हुँदैन। यही मिथ्या सूचना प्रवाहबाट दिग्भ्रमित पारिएका अवोध नागरिकमा सत्य कुरा प्रकाश गरी जन-चेतना ल्याउनु र सेनाको वृहत् अहम् भूमिकाको बारेमा यथार्थ कुरा जानकारी गराउनु पर्ने हुन्छ। सोही कुरा बिचार गरी सत्य तथ्य केलाई यथार्थ कुरा जन-समक्ष ल्याउनु नै यस अध्ययनको समस्या कथन हो। विभिन्न स्रोतहरुका आधारमा नेपाली सेनाको औचित्य र भूमिकाका बारेमा यी पङ्तीहरुमा उल्लेख गरिएको छ।

## अनुसन्धान विधि

प्रस्तुत अध्ययनको अनुसन्धान विधिमा पूर्व-प्रकाशित कृतिहरु, पुराण-इतिहास, प्राचीन-कालीन, पूर्व-मध्यकालीन तथा उत्तर-मध्यकालीन इतिहास र नेपालको एकीकरण अभियानमा नेपाली सेनाले खेलेको भूमिकाको बारेमा अध्ययन तथा अन्वेषण गरिएको छ। नेपालको एकीकरणपछि पनि राज्यको टिष्टादेखि काङ्गडासम्मको वृहत् नेपाल तथा युद्धकाल, टिष्टादेखि यमुना नदीसम्म शासन गर्दा त्यसको सुव्यबस्थापनमा नेपाली सेनाले खेलेको चौतर्फी भूमिका, वृहत् नेपालका जनतासंग प्रत्यक्ष तथा परोक्ष सरोकार राख्ने विषयमा गरेको अभ्यास, केन्द्र तथा केन्द्रबाट दूरस्थ प्रदेशमा नेपाली सेनाले देश निर्माणमा बिभिन्न समयमा खेलेको सकारात्मक भूमिकाको बारेमा तथ्यपूर्ण अध्ययन अनुसन्धानमा यो लेख केन्द्रित रहेको छ।

## वैषयिक प्रविष्टि

### १) प्राचीनकालमा सेना

स्कन्दपुराणको माहेश्वर खण्डमा नेपाल देशमा एकलाख गाँउ भएको उल्लेख गरिएको छ।

**एको लक्ष्यश्च नेपाले ग्रामाणां परिकीर्तितः। षट्त्रिंशल्लक्षमानं तु कान्यकुब्ज प्रकीर्तितम्॥**

प्राचीनकालको नेपालका त्यति धेरै गाँउहरु भएको देश सानो थियो भन्ने प्रामाणिक मान्ने कुरा भएन। (स्कन्दपुराण)। महाभारतको वनपर्व, घोषायात्रापर्वमा कर्णले दिग्विजय गरेका देशहरुको नाममा नेपाल देशको पनि उल्लेखमा आएको छ। युद्धमा नेपालको सहभागिता भएको उल्लेख पाइएको हुनाले यो देश अनादि कालदेखि अस्तित्वमा रहेको देखिन्छ। सेनाबिना त्यति ठूलो देश स्थापना हुन सक्ने कुरा पक्का पनि थिएन।

**नेपालविषये ये च राजानस्तानवाजयत्। अवतीर्य ततः शैलात् पूर्वां दिशमभिद्रुतः॥**

माथिको भनाइबाट नेपाल पछि मात्र स्थापना भएको नवोदित देश रहेनछ, यसको इतिहास धेरै प्राचीन भएको प्रामाणित यस प्रसङ्गबाट स्पष्ट गराइदिएको छ। (पाण्डेय, २०४५,पृष्ठ, १६६५)।

प्राचीन संस्कृत कवितामा हिन्दकुश हिमालयका पाँच खण्ड भएको उल्लेख भएको छ जसमध्ये नेपाललाई पनि एक खण्ड मानेको छ।

**खण्डा पञ्च हिमालयस्य कथिता, नेपाल कुर्माञ्चलौ । केदारोकेथ जालन्धरोत रुचिरः कश्मीरसंज्ञोन्तिमः ॥**

केही प्रामाणिक स्रोतले नेपाल विक्रम-पूर्व ६०० देखि स्वतन्त्र अस्तित्वमा रहेको उल्लेख गरेका छन् । (नेपाल, २०४०, पृष्ठ, २-८) । विश्वका प्रत्येक देशको निर्माणमा सेनाको अपरिहार्यतालाई बुझी यसको परिकल्पना गरी आएको पाइन्छ । त्यसैले, राज्यस्थापनामा सैनिक अभ्यास चलिआएको सामरिक संरचना हुनाले नेपाली सेनाको पनि प्राचीनकालदेखि निरन्तर परिमार्जित संगठन भई आएको छ । नेपालको इतिहासमा अभिलेख्य आधारबाट लिच्छवी राजा मानदेवको राज्यकालदेखि कटक सेनाको वर्णन पाइन्छ । उनै राजाद्वारा पुनर्निर्मित चाङगुनारायणको मन्दिरमा स्थापित शिलालेखको दोस्रो पंक्तिमा आफ्ना जिजु राजा वृषदेवलाई आर्य सनातन धर्मको पालक, पराक्रमी र शान्तिप्रिय शासक भनिएको छ । उनका छोरा शङ्करदेव पनि पुरुषार्थी राजा भएको जानकारी पाइन्छ । राजा शङ्करदेवका छोरा धर्म देव धर्म नीति तथा दण्डनीतिका प्रयोक्ता रहेको वर्णन छ । उनले श्री पशुपतिमा शिलालेख राख्न लगाएका थिए, सो शिलालेख स्पष्ट नहुनाले त्यहाँ आफ्नै वंशको वंशावली रहेको अनुमान गरिन्छ ।

**यात्राम्प्रत्यरिसङ्क्षयाय तरसा गच्छामि पूर्वान्दिशम् । येचाज्ञावशवर्तिनो मम नृपाः संस्थापयिष्यामि तान् ॥१४॥**

मेरा बुबाले राम्रा अग्ला मौलाहरुले पृथ्वीलाई सिंगार्नु भएको थियो । लडाँइको यज्ञको आड लिएर क्षेत्रीको धर्म बमोजिम दीक्षा लिएर म बसिरहेको छु । पराक्रमैले शत्रुको नाश गर्न पूर्व दिशातिर जान्छु । जो राजाहरु मेरा काबूमा बस्ने छन्, तिनलाई थाम्ने छु ।

राजा धर्मदेवको अल्पकालमै मृत्यु भएको हुनाले उनका छोरा मानदेव सानै उमेरमा नेपालका राजा भए । राजा वृषदेवबाट धर्मदेवसम्मका राजाहरु संस्कृतिका सचेतक तथा बिजिज्ञिषु भएका र आफ्नो राज्यको सुरक्षार्थ आवश्यक सैनिक मजबूतिसाथ राज्यसञ्चालनमा प्रवीण भएको जानकारी पाइन्छ । (बज्राचार्य, २०३०, पृष्ठ, १४) (रेग्मी २०५३, पृष्ठ, २४-२६) ।

### २) मानदेवकालीन सेना

साना किशोरावस्थाका मानदेवलाई कमजोर राजा ठानी तत्कालीन पूर्व र पश्चिमका नेपालकै अधीनका सामन्त राजाहरुले स्वतन्त्र हुन शिर उठाए । तर मानदेव उमेरमा कच्चा भए पनि बुद्धि र कूटनीतिमा कच्चा थिएनन् भन्ने कुरा चाड्गुनारायणको अभिलेखको निम्न पंक्तिले यसरी प्रकाश पारेको पाइन्छः

**"सत्पुत्रेण सहौर्द्ध्वदेहिकविधि भर्तुः प्रकृत्यात्मना । शीलत्यागगमोपवासनियमैरेकान्तशुद्धाशया ।**
**विप्रेभ्योपि च सर्व्वदाप्रददती तत्पुण्यवृध्यै धनम् । तस्थौ तद्धृदया सतीव्रतविधौ साक्षादिवारुन्धती ॥**
**यूपैश्चारुभिरुच्छ्रितैव्वसुमती पित्रा ममालङ्कृता । क्षात्रेणाजिमखाश्रयेण विधिना दीक्षश्रितोहं स्थितः ॥**
**यात्राम्प्ररिसङ्क्षयाय तरसा गच्छामि पूर्व्वान्शिम् । येचाज्ञावशवर्तिनो मम नृपाःसंस्थापयिस्यामि तान् ॥**

सपूत छोरासँग रहेर पतिको काजकृया गरी आफू शील, स्वभाव, दान, इन्द्रिय, दमन, उपवास, जस्ता नियमले चित्त सफा गरेर पतिको पुण्य बृद्धि गर्न सधैँ ब्राह्मणहरुलाई अक्षय दान दिँदै पतिमै मन दिएर साक्षात् अरुन्धती जस्तै भइ मेरी माता बस्नुभयो । मेरा बाबाले अग्ला मौलाहरुले भूमिलाई राम्रोसंग सिँगार्नु भएको थियो । युद्धरुपी यज्ञका आडमा क्षेत्रीय धर्म अनुसार गरेर मैले प्रजा पालन गरेर बसेको छु । आफ्नै पुरुषार्थले शत्रु दमन गर्न पूर्वतिर गएर बिद्रोहीहरुलाई काबू पारेको हुँ। (बज्राचार्य २०३० पृष्ठ, १५ । टण्डन, २०५६, पृष्ठ, २३) ।

पूर्वतिरका शठसामन्त राजाहरुले केन्द्रको हुकुम उल्लङ्घन गरेका हुनाले राजा मानदेव आफैंले सेनाको नेतृत्व गरेर तिनीहरुलाई वशमा पारेका थिए । वि.सं. ५२१ मा लिच्छवी राजा मानदेवले चाडगुनारायणको अभिलेख कुँदाएर ब्राह्मणलाई भूमिदान गरेको कुरा यो श्लोकले भनेको छ ।

**राज्ञी राज्यवती च साधूमतिना प्रोक्ता दृढा सूनुना । भक्त्याम्ब त्वमपि प्रसन्नहृदया दानप्रयच्छ स्वतः ॥१९॥**
राजा मानदेवले मल्लपुरीलाई जितेर त्यहाँबाट बिस्तारै आफ्नो देशतिर फर्के । तब खुसी भएर ब्राह्मणहरूलाई अक्षय दान (भूमिदान) गरे । असल बुद्धि भएका छोरा मानदेवले बडामहारानी राज्यवतीलाई मुमा हजुर पनि खुसीपूर्वक आफ्नो तर्फबाट दान गर्नुहोस् भनी बिन्ति चढाए । ब्राह्मणलाई पनि राज्यले विद्वत्वृत्ति स्वरुप जमीनवृत्ति दिएर निश्चिन्तसँग राज्यको बौद्धिक सेवा गरेका थिए ।

पश्चिमका शक्तिशाली मल्लसामन्तहरुले पनि भौगोलिक दूरिका कारण, केन्द्रीय शासक मानदेवको अधीनताबाट स्वतन्त्र हुने चेष्टा गरे । उनीहरुलाई दमन गर्न मानदेवले एक्लै राज्यको शक्तिबाट सम्भव हुने नदेखी आफ्नो मामाको नेतृत्वमा पैदल, घोडचढी र गजसेना मगाई पठाएर त्यहाँ पनि विजय हासिल गरेका थिए । सायद त्यस घटनापछि मानदेवले आफ्नै राज्यकालमा आफ्नी आमाको सिफारिसमा आफ्ना मामालाई राज्यको सेनाको सेनापति वरण गरेका थिए । (लेभी, २००८ ई. पृष्ठ, ७०) । राजा मानदेवको राज्यकालमा पूर्वी देशका शठसामन्तहरुलाई आँफैंले नेत्तृत्व गरेको सेनाले दमन गर्न सम्भव भएको र विजय भएको थियो । तर पश्चिमी सामन्तदेश मल्लपुरीका सामन्तहरु ज्यादै बलशाली हुनाले उनीहरुमाथि विजय गर्न एक्लै आफ्नो राज्यको सेनाले मात्र विजय गर्न कठिन परेको देखेर उनले आफ्ना मामाको हात्ति, घोडा र पैदल तीन किसिमको सेना मगाई त्यस मल्लपुरीमाथि आक्रण गरी विजय हासिल गरेका थिए । नेपाल र विदेशी इतिहासकारहरुका बीचमा मल्लपुरी कहाँको थियो भन्ने बारे मतभिन्नता रहेको पाइन्छ । सबैजसोले त्यो मल्लपुरि त्रिशूलीनदीपश्चिम, कालीगण्डकीपश्चिम, गोरखपुरक्षेत्र वरपर पर्दथ्यो भन्ने तर्क प्रस्तुत गर्दै नेपाललाई सानै आकारको देश देखाउन खोजेको सङ्केत पाइन्छ । (रेग्मी,२०५३, पृष्ठ, २८) ।

## ३) प्राचीन मल्लपुरी कहाँ थियो ?

कपिलवस्तु राज्यका राजकुमार सिध्दार्थ गौतमको समयमा कपिलवस्तुका छिमेकी देशहरुमा **षोडशजनपद** नामका १६ बटा विशाल जनपद (राज्यहरु) थिए, जहाँ राजतन्त्रात्मक शासनप्रणाली थियो । ती मध्ये अङ्ग, मगध, काशी, कोशल, बृज्जी, मल्ल, चेदी, वत्स, कुरु, पाञ्चाल, मत्स्य, शौरसेन, अश्मक, अवन्ती, गान्धार र काम्बोज आदि थिए । ती बाहेक कपिलवस्तुका शाक्य, पावा, कुशीनाराका मल्ल, वैशालीका लिच्छवि, मिथिलाका विदेह, रामग्रामका कोलीय, अलकप्पाक, बुलीरेसपुट्ट, कलिङ्ग र पिप्पिलिकावनका मौर्य र सुम्सुम्रा पर्वतका भागहरु पर्दथे । त्यसैले मल्लपुरी त्यतिबेला वर्तमान नेपालको पश्चिमी सीमाबाहिर पर्दथ्यो भन्ने कुरा स्पष्ट हुन्छ । (Ambedkar, 1997, pp. 1–2, pp. 1–2). यसबाट लिच्छवि राजा मानदेवले विजय गरेको मल्लपुरी हाल महाकाली पश्चिमतिर बग्ने रामगङ्गाभन्दा पश्चिमतर्फ पर्दथ्यो । किनकि कर्णालीप्रदेशका मल्ल एघारौं शताब्दीका, पर्वतका मल्ल सोह्रौं शताब्दीका हुनाले ती मल्ल राज्यहरुको अस्तित्व नेपालभित्र त्यस समयमा भई नसकेको प्रमाणित हुन्छ । त्यसैले राजा मानदेवले आफ्ना पुर्खाहरुको राज्य थाम्न सामन्तहरुको स्वतन्त्र हुने चेष्टालाई रोकेर नेपाल राज्यमा बलियो सेनाको आड भरोशाले बलिष्ठ सामन्तहरुलाई दबाउन समर्थ भएका हुनाले तत्कालीन नेपालको सीमाना महाकालीभन्दा पश्चिमसम्म फैलिएको स्पष्ट भएको छ ।

## ४) राजा मानदेवपछि नेपाली सेना

राजा मानदेवका छोरा महीदेव र उनका छोरा वसन्तदेवले पनि पुर्खाहरुका झैं सामन्तहरुलाई कज्याउन सफल भएका कुराले उनको सैनिक मजबूतिको सङ्केत मिल्दछ । (बज्राचार्य, २०३०, पृष्ठ, २३, १४९) । उनको राज्यकालमा भारदार रविगुप्तको चर्चा आएको र ती पछि गएर राजाहरुका प्रभावशाली उप-राज जस्ता देखिएकाले उनको पालादेखि नेपालमा द्वैत-शासन र अर्का भारदार क्रमलीलसमेत जोडिएकोले त्रयी-शासन आरम्भ भएका देखिँदा लिच्छवी राजाहरु कमजोर हुँदै गएको बुझिन्छ । (नेपाल, २०४४, पृष्ठ ४७) । राजा वसन्तदेवको राज्यकालमा

भारतमा चीनको नानका हुणहरुको आक्रमण भएको हुनाले त्यताबाट पराजित केही गुप्तराजपरिवारका सदस्यहरुले नेपालमा राजनीतिक शरण लिएको बुझिन्छ । (राजवंशी, २०३६, पृष्ठ, १-५) । त्यतिबेला नेपालको सैनिक स्थिति मजबूत रहेको र भारततिरबाट गुप्तवंशीहरु नेपालमा पसेर शासनमा सहभागी हुँदै गएको कुरा बुझिन्छ । नेपालको राजनीतिमा उनै गुप्तहरु ठूला ठूला सैनिक पदमा र उप-राज, राजासमेत भएका देखिन्छन् ।

राजा शिवदेवको राज्यकालको आरम्भमा पुराना भारदारहरुका सन्तान भौमगुप्त लिच्छवी राजाहरुका भारदारकोरुपमा देखा पर्दछन् भने पछिल्लो कालमा राजाका भारदार आफ्नै भानिज अंशुवर्माको नाम आएको छ । राजा अंशुवर्माको वरपर विभिन्न राज्यका सामन्तहरुको पङ्ती हुन्थ्यो भन्ने वर्णनबाट उनी लिच्छवी साम्राज्यका अधिपति भएको बुझिन्छ । त्यति नै वेला, वि.सं. ६७५ बाट नेपाल र तिब्बतबीच ब्यापार आदान प्रदान आरम्भ भएको जानकारी हुन्छ । (रेग्मी, २०५३, पृष्ठ, ९८) । दक्षिणमा थानेश्वर राजवंशी हर्षवर्द्धनले कन्नौजसम्म राज्यविस्तार गरेका र उत्तर तिब्बतमा पालवंशी श्रोङ्चङ ग्याम्पोले (TchÚi –tsoung–Lung–tsan, 629–650) ल्हाशा, केरुङ्देखि शुई-लद्दाखसम्म विजय गरेकाले उनीहरुको शक्ति चरमसीमामा पुगेको अवस्था थियो । त्यसैले राजनीतिक सन्तुलन मिलाउन राजा अंशुवर्माले तिब्बतका राजालाई नेपालकी राजकुमारी भृकुटी र भारतका मौखरी कुलका सूरसेनलाई राजा अंशुबर्माकी आफ्नै बहिनी भोगदेबीको बिबाह गरिदिएका थिए। (लेभी, २००८, पृष्ठ, ९८-१०५ ) (Slusser, 1982, pp.33–34) यसरी राज्यको स्थायित्व र अस्तित्वको निम्ति कूटनीतिक माध्यमको रुपमा बैबाहिक सम्बन्धको सेतु पनि सदाकालमा महत्व रहि आएको बुझिन्छ ।

## ५) राजकुमारी भृकुटी र नेपाल

चीनिया वंशावलीकार इत्सिङ्द्वारा लिखित चीनको राजवंशावली ताङ वृत्तान्तमा (The Tang Annals, by Itshing) राजा वसन्तदेवका छोरा उदयदेव राजा भएपछि उनकै भाइ ध्रुवदेवसँग फूट र विबाद भएका कारण राज्यमा विद्रोह भयो । परिणामस्वरुप उदयदेवलाई गद्दीच्यूत गराई नेपालबाट तिब्बततिर धपिन वाध्य पारिएको वर्णन गरिएको छ । (Roerich, 1996, pp. 33–53) भृकुटी उनैकी छोरीको विवाह तिब्बतका राजासित भएको हुनाले उदयदेवले आफ्नो छोरा नरेन्द्र देवलाई साथमा लिई तिब्बतमा राजनीतिक शरण लिन गए । लिच्छवी राजाहरुको सत्तालाई १११ वर्षसम्म प्रभाव पार्न सक्ने नेपाल दरबारका गुप्त भारदारहरुको दाउपेचलाई राजा नरेन्द्रदेवले २० वर्षसम्म तिब्बतमा निर्वासित भई आफ्नो गुमेको राज्यसत्ता सैनिक कार्बाही गरेर फिर्ता ल्याए । लिच्छवीहरुको डुबेको इज्जत राजा नरेन्द्रदेवले थामेका थिए भन्ने प्रसङ्ग नेपालको इतिहासमा आउँछ । तिब्बतका राजा स्रङचङ् ग्याम्पोले नरेन्द्रदेवलाई सैनिक मद्दत गरेर नरेन्द्रदेवको पक्षका सेनाले विष्णु गुप्तको हत्या गरेको कुरा चीनको तुङ ह्वाङ वृत्तान्तबाट पनि जानकारी हुन्छ । (Malla, 1985, pp. 61) .

## ६) प्राचीन नेपाली सेना र वैदेशिक सम्बन्ध

नेपालका राजा नरेन्द्र देवको राज्यकाल वि. सं. ७०० मा चीनका राजदूत लि-ई-पियाओ (Li–Yi–Pio) भारतका राजा हर्षवर्द्धनकहाँ नेपालको बाटो गएका बेला राजा नरेन्द्र देवले उनको भब्य स्वागत गरे । त्यसको ३ वर्षपछि वि. सं. ७०३ मा वाङ्-ह्वेन-शे (Wang–Hsuan–Tse) को राजदूतमण्डली पनि नेपालको बाटो हुँदै भारततिर गयो । राजा हर्षवर्धन सन्तानहीन भएकाले अन्तिमकालमा उत्तराधिकार चयनको जिम्मा मन्त्री अरुणाश्वलाई दिएकामा योग्य ब्यक्तिहरुको हत्या गरी उनी आफैं राजा भए । अरुणाश्वले चीनबाट आएका दूतहरुमाथि पनि बैरी ठानी हमला गर्दा, वाङ-ह्वेन-शे तुरुन्तै नेपालको बाटो तिब्बत पुगेर १२०० सेनासाथ नेपाल आई नरेन्द्रदेवसंग सैनिक मद्दत मागे । राजा नरेन्द्र देवले पनि ७०० घोडचढी सेनासहितले उनलाई मद्दत दिए । त्यस संयुक्त सेनाले अरुणाश्वको राज्यमा आक्रमण गरी उनलाई समाती चीन लगियो । (लेभी, २००८,पृष्ठ, ३४१: Majumdar, 1991, pp. 255-256)) । यस घटनाबाट नेपालका बारेमा तीन कुराको ठोस जानकारी पाइन्छः

१) नेपाल एक स्वतन्त्र देश रहेको, जसको सैन्यशक्ति मजबूत थियो,

२) नेपालको सम्बन्ध तिब्बत र चीनसंग अत्यन्त राम्रो थियो,

३) नेपालबाट तिब्बत र त्यहाँबाट चीन जाने सजिलो बाटो चालू थियो ।

नेपालबाट राजदूतमण्डल पठाउन चीनले अनुरोध गर्दा राजा नरेन्द्र देवले आफ्नो छोराको नेतृत्वमा नेपाली दूतमण्डल चीन पठाएका थिए । (Petech, 1984, pp. 24).

राजा नरेन्द्रदेवका छोरा शिवदेव द्वितीयको राज्यकालमा तिब्बती सेनाले नेपालमाथि आक्रमण गरेर राजभवन ध्वस्त पारेको थियो । नेपाली सेनाले पनि भोटे राजा चिनुश्-शिलुङ्लाई (Chinush–Silung) मारेर तिब्बती सेनालाई लखेट्दै ब्रह्मपुत्र पारि कटाई फर्केका थिए । (आचार्य, २०३७, पृष्ठ, ३) । उनका रानी बत्सदेवीका छोरा जयदेव द्वितीय, लिच्छविकालीन इतिहासमा ज्यादै प्रशिध्द छन् । उनीपछि लिच्छवि राज्यको सैनिक शक्तिमा ह्रास आएकोले त्यस पछिको काललाई नेपालको इतिहासमा अन्धकार युग भनिन्छ ।

## ७) पूर्व-मध्यकालमा नेपाली सेना

राजा जयदेव द्वितीयपछि् वि. सं. ७९० देखि ९३६ बीचमा नेपालमा कुनै पनि ऐतिहासिक उपलब्धि भएको सूचना पाइएको छैन । वि. सं. ९३६ मा राजा राघव देवले नेपालका सबै जनतालाई ऋणमुक्त र करमुक्त पार्न आर्थिक परिवर्तन गरी पशुपति सम्बत् चलाए । त्यसै सम्वत्लाई पछि नेपाल सम्बत् भनी प्रचलनमा ल्याइयो । प्राचीनकालबाटै नेपालको प्रशासन सञ्चालनका निम्ति राज्यलाई विभिन्न १३ विषयहरुमा बाँडिएको हुनाले, ती ती प्रदेशहरुमा एक एक विषयपतिहरु नियुक्त गरिन्थे । विषयपति पनि राजा झैँ वंशानुगत हुँदा नेपाल राज्यबिखण्डनको सूत्रपात भयो र ससाना राज्यहरु स्थापित भए । (सुवेदी, २०७८, पृष्ठ, १०१-१०३) । परिणामस्वरुप नेपाल तत्कालै त्रिशक्ति राज्यमा बाँडियो वा नेपालमा विभाजनको पहिलो बीजारोपण भयो:

१) काठमाण्डौं उपत्यकाको मल्ल राज्य,

२) सिमरौनगढको कर्णाटक राज्य र

३) कर्णालीप्रदेशको सिँजा खसमल्ल साम्राज्य ।

## ८) सिमरौनगढ

दक्षिण भारतका चालुक्यवंशी राजा विक्रमादित्य छैठौंले कर्नाटवंशी नान्य देव र विजय सेनको नेतृत्वमा वि.सं. १०७६ मा विशाल सेना उत्तरतिर पठाई क्रमशः गण्डक उत्तर तिरभुक्ति र बङ्गाल क्षेत्रमा कब्जा गरे । (खनाल, २०५६, पृष्ठ, ३२-३९) । नान्यदेवले पहिले नान्यपुरम्मा राजधानी बनाए तर त्यहाँ मुसलमानी आक्रमणको भयले सिमल-वन-गढमा राजधानी सारे । उनले सप्तदुर्ग या सात किसिमको साततहको किल्ला, ब्यूह निर्माण गराए जो १५ कोश लम्बाई १५ कोश चौडाईसम्म फैलिएको थियो जस्तैः जलदुर्ग, वनदुर्ग, पाषाणदुर्ग, मरुदुर्ग, हिँसकदुर्ग, कण्टकदुर्ग, मानवब्यूह गरी सिमरौनगढलाई सुरक्षार्थ घेराउ गरेका थिए । (सुवेदी, २०७८, पृष्ठ, ८८-९०) ।

## ९) सँजाको खसमल्ल साम्राज्य

सिद्धार्थ गौतम बुध्दका पाला रामगङ्गापश्चिमका कुशीनारा, पावाका केही मल्लहरु कालान्तरमा राज्य विजय गर्दै लद्दाखको बाटो तिब्बत गएका थिए, जसका अधीनमा दक्षिण पश्चिम तिब्बत आएको थियो । वि.सं. ११२५ मा उनै मल्लवंशीय नागराजले तिब्बतको खारीप्रदेशबाट नेपाल, जुम्लाको सिँजानगरीमा राजधानी सारे ।

**अथ खारि प्रदेशस्यो यो जावेश्वर तामगात्तेन । श्री नागराजेन सेञ्जापुर्या स्थितिः कृताः॥**

खारी प्रदेशमा बस्ने जुन नागराज जावेश्वर हुनु भयो उहाँले सैँजानगरमा स्थिति बसाल्नु भयो । उनको मातहतमा सबैतिर एकैचोटि आक्रमण गर्न सक्ने सर्वगामिनिवाहिनी नामक बलिष्ट खस सेनाको जग बसाले । त्यही खस

सेनाको बलले उनैका सन्ततिहरुले सपादलक्षशिखरिसाम्राज्य १,२५,००० पहाडभर फैलिएको विशाल साम्राज्यको संरचना गरे, जो ३०० वर्षसम्म कायम रयो। (Adhikary, 1988, pp. 41–ix) (डबराल, (२०२६) पृष्ठ, ५१५) (Atkinso, 1974, pp. 443-495)।

## १०) नेपाल–मण्डल

काठमाण्डौं उपत्यकामा राजा अरिमल्ल देखि राजा यक्ष मल्लसम्म नेपाल–मण्डल राज्य सेनाद्वारा थामिएकै थियो। ती राजाहरुले राज्यको संरक्षणार्थ ३४ किल्लाहरु बनाएका थिए, जसलाई कोट या क्वाठ भनिन्थ्यो र त्यसको रक्षकलाई क्वाठनायक (कोटनायक, कोटाले) भनिन्थ्यो। (बज्राचार्य र मल्ल, १९८५ पृष्ठ, ९७-११२)। त्यस बीचमा उपत्यकाका राजाहरुले सिमरौनगढका कर्णाटक र कर्णालीप्रदेशका खसमल्ल राजाहरुसंग पटक पटक गुहार मागेका थिए। ती दुवै शक्तिले पालैपालोसँग ७,७ पटक काठमाण्डौं उपत्यकामा आक्रमण गरी प्रसस्त सिर्तो उठाएर आ–आफ्ना देशमा लगेका थिए, जसलाई गुहार युग भनिन्छ। (बज्राचार्य, २०२६, पृष्ठ, ६८-८०)। काठमाण्डौं उपत्यकामा खसहरुको आक्रमणका बारेमा गोपालराजवंशावलीमा यसरी लेखिएको छः

"पश्चिमबाट खसिया आए। ने.सं. ४०८ पौषमा जयतारि पहिलोपटक पसे। सिम्भुमा आठसय खसियालाई सिध्याई सारा राष्ट्र वन पस्यो। त्यस कारण खसिया भागे दुनिया आनन्दसंग आ-आफ्नो ठाउँमा बसे। त्यसको एक वर्ष बित्यो। फाल्गुण शुक्ल त्रयोदशीमा फेरि दोस्रोपल्ट जयतारि पसे। गाउँहरूमा आगो लगाइदिए। सिम्भुको चैत्यमा गए बुङमती लोकेश्वरको दर्शन गरे। श्री पशुपतिनाथलाई खुसी पारे। ने.सं. ४०९ (१२८९ ई.) मा आनन्दसँग आफ्नो देश फर्के। ने.सं. ४१० (१२९० ई.) फाल्गुण कृष्ण प्रतिपदाका दिन जयतारि आई नुवाकोट दखल गरे, बुङमतीको देवल (रातो मछिन्द्रनाथ) गई कोष चढाए। देउपाटनमा पश्चिम ढोकाबाट पसे। यसपालि.......त्यसपछि गाउँहरुमा आगो लगाइदिए। एक महिनासम्म ललितपुरमा किल्ला जमाई बसे। किल्ला फुटेन। (The Gopalrajvamasavali)

त्रिशक्ति राज्यकालमा नेपालको सैन्यशक्ति कायम रहेसम्म राज्यको पतन भएको थिएन तर पछि नेपालको इतिहासमा उत्तर-मध्यकाल शुरु भयो अनि कर्णाली प्रदेशमा बाइसी र गण्डकी प्रदेशमा चौबीसी राज्यहरु उदाए।

## ११) उत्तर–मध्यकालमा नेपाली सेना

पूर्व-मध्यकालमा तीन टुक्रा परेको नेपाल उत्तरमध्यकालमा बाइसी राज्यहरुको १,३५,७०० सेना, चौबीसी राज्यहरुको ४०,५०० सेना, उपत्यका भित्र ३ मल्ल ठकुरी राज्यका ५८,००० सेना, र पूर्व कोशी (खूसी) प्रदेशमा ३ सेनठकुरी राज्यका ३५,००० सेना थिए। ती सबै राज्यहरुको संख्या बेला-बेलामा परिवर्तित भएबाट कहिले ५२ त कहिले ६७ सम्म पुगेको पाइन्छ। उत्तरमध्यकालमा नेपालको एकीकरणताका प्रत्येक घरघरबाट जम्मा हुने झराले सैन्य संख्या कुरियाको १ जनाअनुसार जम्माः २,६९,२०० रहेको पुष्टि हुन्छ। (सुवेदी, २०५५, पृष्ठ, ३५-९९) (सुवेदी, २०७८, पृष्ठ, १०४-१२६)।

## १२) नेपालको एकीकरणकालीन सेना

श्री ५ वडामहाराजाधिराज पृथ्वीनारायण शाह र राजा जयप्रकाश मल्लले पहिले झाराका सेना जम्मा पार्थे, पछि मात्र स्थायी सेनाको गठन गरेका थिए। जयप्रकाश मल्लले श्रीपशुपति र श्रीगुह्येश्वरीको गुठी मासेर गढबालको नगरकोटबाट नगरकोटी सेना झिकाएर सेना बलियो बनाएका थिए। पृथ्वीनारायण शाहले नेपालभित्रकै ब्राह्मण (ललाटमा ठाडो सुर्के चन्दन, चौबन्दी पेटे भोटो र धोती लाएका), ठकुरी (सेतो जामा र पगरी लगाएका), क्षेत्री (लामा जुँगा, तीखा आँखा, हातमा तरबार लिएका), मगर (ललाटमा विभूति, गलामा रुद्राक्षधारी, रातो वर्ण, खुँडा

हातमा लिएका), गुरुङ (रक्तचन्दनको टीका, रातो वर्णका, ठेटूवाका कछाड लाएका, हातमा धनुबाण लिएका), किरात (धनुकाँड, घूएत्रो, भाला लिने माथामा सुबाङ्गी पगरी, ललाटमा शिवजीको त्रीपुण्ड चन्दन लाएका), नेवार (निधारमा सिन्दूरको टीका, हाकूपटासी लुगा र छ्याकटे अनुहारका), बौध्द शिपाही (अग्लो डाल, रातो वर्ण, ललाटमा रक्तचन्दनको टीका, दोचा बख्खु लाएका, कम्मरमा छूरी भिरेका) सेनाको गठन गरे । (बज्राचार्य र नेपाल, २०१४, पृष्ठ, ३२-३३) । सैनिकहरुले गढ, पर्खाल, पुल निर्माण, जासुस, युद्ध, आदि कार्यमा सहभागी हुनुपर्थ्यो । (तिवारी, २०२०, पृष्ठ, ९-१०) । सेनाले युद्ध चल्दा शत्रुमाथि शुरुमा तरबार, भाला, बर्छा, धनुकाँड चलाई गुरिल्ला नीतिले वैरीलाई तितरबितर पारी अन्त्यमा बन्दुकले छानी छानी मारेर बाँकीलाई डर देखाई भगाउने गर्थे । (शर्मा, २०४९, पृष्ठ, ९७) ।

पृथ्वीनारायण शाहले स्थायी सेनाको रुपमा, सबुज, कालिबक्स, गोरख, श्रीनाथ र बज्रबाणी  गरी ५ कम्पनी गठन गरेका थिए । उनको शेषपछि श्री ५ प्रतापसिँह शाह, श्री ५ रणबहादुर शाह र श्री ५ राजेन्द्रविक्रम शाहहरुले श्रीमेहेर, श्रीअर्को मेहेर, श्रीभवानीबक्स, नयाँगोरख, श्रीजङ्ग, रणभीम, अजयदल, सिंहनाथ, रणशेर, रणबम, जबरजंग, हनुमानध्वज, गोरखबक्स, गौरीबक्स, दुर्गादल, इन्द्रबक्स, सिध्दिबक्स, रणबम, वीरभद्रजङ्ग, रणदल, श्रीदल, श्रीभगवतीदल, श्रीचन्दननाथ, ज्वालादल, तारादल, भैरबीदल, बटुकदल, दुर्गाबक्स, कालीदल, देबीदल, श्रीनाथ, रामदल, राजदल, बरख, कालीदल, रणशार्दूल, भवानीदल, गुरुबक्स, रणशूर, भैरवदलहरु थपिएका थिए । श्री ५ गीर्वाणयुद्धविक्रम शाहको राज्यकालसम्म कम्पनीको  संख्या ६६ सम्म पुगेको थियो । (खत्री, २०४१, पृष्ठ, १०) (शर्मा, २०४९, पृष्ठ, १०६-१०७) ।

## १३) नेपाली सेनाले प्रयोग गरेका उपकरणहरु

नेपाली सेनाले स्थापानकालबाटै बिभिन्न किसिमका शस्त्रास्त्र प्रयोग गर्दै आएको जानकारी पाइन्छ त्यस्ता  हतियार हरुमा तरबार, खुकुरी (दिस्तावाल, ताहनाल महुनाल), ढाल, कवच, खड्ग, किरिच, षुँडा, खाँडो, फर्सा, धोप, छुरी, खेजर, रण्डा, छिनो, वाँक, कटार, अश्वारा, बन्दूक (लस्करी, जिरही, जजायल), पेस्टोल, तोप, गोला, चिम्टा, शिक्री, खनाती, संगीन, पुला, पत्ति, जुम्लीकटार, तरकश, कोर्रा, षुरसाल, वेलहरी पूर्वितरबार, निम्चा, इलामान, सरोही, जुनब्बी, कुचि, चुपी, वोषडा, धनु, बाँण, बीष, भेरी, करणाल, काहाल, भौँक्कर, तासा, मार्फा, बाँसुरी, दूरबीनको समेत प्रयोग हुन्थ्यो । (वैद्य,२०२८, पृष्ठ, भूमिका), (बज्राचार्य, २०२०, पृष्ठ, ४५) ।

## १४) नेपाल र अङ्ग्रेज युद्धमा नेपाली सेना

मुख्तियार भीमसेन थापाको समयमा प्रत्येक युवालाई अनिवार्य एकवर्षे सैनिक तालिम  लिन लगाए । नेपाली सेनालाई फ्राँसिसी ढाँचामा ढालियो र फ्राँशीशीलाई आधुनिक हतियार बनाउन लगाइयो ।  भारतीय इष्ट इण्डिया कम्पनीले त्यस्ता धेरै कुराका कारण नेपालविरुद्ध युद्ध छेड्यो, जसमा भारतीय रजौटासहितको ३२,००० कम्पनीका, १३,६०० नेपालका सेनाबीच युद्ध चलेकोमा नेपाल पाल्पा बाहेकका मोर्चामा पराजित नै भयो ।  (मानन्धर, २०७७, पृष्ठ, ३२२-३४९ । Pradhan, 1912, pp. 195-200. निर्मल श्रेष्ठ, २०१२, पृष्ठ, २०८, २१८) । परिणामस्वरुप वृहत्-नेपालले एक तिहाई भूभाग गुमाएर मेचीदेखि महाकाली नदीबीचमा खुम्चिन पर्‍यो । अङ्ग्रेजहरुले भीमसेन थापाको वृहतनीति बुझेकाले रेजिडेण्ट बृयान ह्यूटन हड्सन  (Resident, Brian Houghton Hodgson),  लाई नेपाल पठाएर उनको पतन गराई छोडे । (Landon, 1976, pp.77-98) उनीहरुको दृष्टिमा, भीमसेन थापाले पूरै नेपाललाई कम्पनीको भूभागमा मिलाउन नदिएको निष्कर्ष निकालियो ।

## १५) राणा शासनकालमा नेपाली सेनाः

नेपाली सेनालाई पहिले फ्रासेली ढाँचामा ढालिएकोमा राणाकालमा  अग्रेजी ढाँचामा ल्याइयो तापनि मुलुकको शासन प्रणाली नेपाली मौलिक ढाँचामै स्थिर राखियो ।  श्री ५पृथ्वीनारायण शाहबाट कायम रहेको नेपाली सेनाको प्रशिध्दि

सुगौली सन्धिपूर्व अत्युच्च थियो । नेपाल इष्ट इण्डिया कंपनीसंगको युद्धमा नेपाल पराजित भएर पनि वीरयोद्धाहरुले आर्जन गरेको इज्जत पछिसम्म कायमै रह्यो । त्यो कुराको साक्ष्य नेपाल-तिब्बत युद्ध वि. सं. १९११-१२ मा नेपाली सेनाले ठूलो वीरताको प्रदर्शन गरेर थापाथलीको सन्धि पछि तिब्बतबाट वार्षिक रु, १०,००० सिर्तो पाउने, नेपाली मुद्रा तिब्बती बजारमा पुनः सञ्चालन गर्ने, नेपाली वकिल ल्हाशामा बस्ने, तिब्बतमा नेपाली ब्यापारीहरुका ३२ कोठी पुनः स्थापित गरिने, नेपालीले तिब्बतमा बाह्यप्रादेशिक अधिकार पाउने र तिब्बतमा नेपालको पनि महाचीनका जत्तिकै हैकम रहन थाल्यो । श्री ३ जङ्गबहादुर राणाले वि. सं. १८५७ मा भारतमा सिपाही विद्रोह हुँदा इष्ट इण्डिया कम्पनीलाई मद्दत गरेकाले त्यसको इनामस्वरुप नेपालले सुगौली सन्धिमा गुमाएका बाँके, बर्दिया, कैलाली र कञ्चनपुर ४ जिल्ला फिर्ता पायो ।। श्री ३ जङ्गबहादुर राणाले, भारतीय शिपाही विद्रोहमा, अङ्ग्रेजहरुलाई सघाएर, भारतीय रजौटाहरुसंग सुगौली सन्धिको प्रतिशोद लिएका थिए । २००७ सालमा राणा शासन समाप्तिपछि नेपाली सेनाको २००९ र २०१९ सालमा पुनर्गठन भई शाही सेनामा परिणत हुन पुग्यो । नेपालले अन्ताराष्ट्रीय शान्तिस्थापनामा विशिष्ठ योगदान गर्दै आएकोले यसको शाख बढ्दै गएको छ ।

## १६) समकालिक नेपाली सेना

वर्तमानकालमा नेपाली सेना राष्ट्र र जनहित कार्यमा समर्पित भई आएको छ । नेपाली सेनाले आगलागी, बाढी-पहिरो, राष्ट्रिय निकुञ्जको संरक्षण तथा जन-उध्दार, भूकम्पको उत्पीडनबाट राहतमा अग्रणी भूमिका खेलेको छ । त्यसैगरी रेलवे निर्माण, सडक निर्माण, भत्के बिग्रेका बाटाघाटाहरु निर्माण, एकीकरण पद–मार्ग अध्ययन, काठमाण्डौ-कुति-सिन्धुली-केरुङ्-मुस्ताङ-मनाङ-अलौ-कान्तिपथ-पाल्पा-विजयपुर-त्रिशूली-सोमदाङ-कटारी-ओखलढुङ्गा-सल्यान मुसीकोट-कर्णाली राजमार्ग-सुर्खेत-जुम्ला सडक-बाग्लुङ-बेनी-जोमसोङ- मुस्ताङ-छिञ्चू-जाजरकोट-कैनडाँडां-चौरजहारी-मुसीकोट-बुर्तिबाङ- कर्णाली राजमार्ग हिल्सासम्म, भेरी राजमार्ग, काठमाण्डौं-तराई द्रुतमार्ग जस्ता महत्त्वपूर्ण मार्गहरु निर्माण गरिसकेको र गर्दै पनि छ । त्यसैगरी बिभिन्न राष्ट्रिय उत्सव तथा समारोह मनाउँदा, प्राकृतिक सम्पदाको संरक्षणगर्दा, अकाल, महामारी पर्दा, निर्वाचन गर्दा, जेल, बैंक, गार्ड र सुधार गर्दा, सञ्चार-यातायात, विद्युत परियोजना, सञ्चार टावरहरु संरक्षण, पेट्रोल-डिजेल पम्प सुरक्षा गर्दा, बागमती क्षेत्र ढल निर्माण आयोजनाका बिभिन्न चरणहरु, सङ्कटकालीन आन्तरिक तथा अन्तर्राष्ट्रिय उडान संरक्षण कार्य, खाद्य ढुवानी, उपचार सेवा, सर्पर्दश उपचार प्रदान गर्दा, संयुक्त राष्ट्रसंघीय शान्तिस्थापना कार्यमा समेत सफलताकासाथ कार्य गर्दै आएको छ । यसका महत्त्वपूर्ण कार्यहरुमा हवाइ उध्दार, शैक्षिक, सामाजिक, साँस्कृतिक, विद्यालय भवन, खेलमैदान, मन्दिर निर्माण, खानेपानी, सिँचाई नहर, औषधोपचार, आतङ्कका क्रियकलाप रोकी जनताको हीतलाई ध्यानमा राख्ने कार्यमा नेपाली सेनाको अमूल्य योगदान रहि आएको छ । नेपाली सेनाले बिभिन्न सेवामूलक कार्यमा देश तथा देशबासीको भलाई अभियानमा धेरै सैनिकले बीरगति प्राप्त गरेका ज्वलन्त उदाहरणहरु छन् । तसर्थ नेपाल र नेपालीको हितमा आरम्भकालदेखि निरन्तररुपमा नेपाली सेनाले रचनात्मक कार्यहरु गर्दै देशको मेरुदण्दको भूमिका निर्बाह गर्दै आएको ज्वलन्त इतिहास साक्षी छ । ( वैद्य र अरु, २०६५, पृष्ठ, ६६८-९५०) ।

## १७) निष्कर्ष

प्राचीनकालदेखि नेपाल राज्यको स्थापना र वर्तमानकालसम्म सदासर्वदा, देशहित, देश विकास, बिपद् उध्दार, सांस्कृतिक पुनरउध्दार, राष्ट्रको संरक्षण, बाढी-पैह्रो नियन्त्रण, सुरक्षा, युद्ध, देश र जनताको रक्षा, पुल र सडक निर्माण, समाज सेवा, देश र विदेशमा शान्तिस्थापना गर्नमा नेपाली सेनाले महत्त्वपूर्ण योगदान गरीआएको छ । आदिमकालदेखि नेपालको एकीकरण अभियानसम्ममा नेपाली सेनाको समसामयिक भूमिका निर्बाह नभएको भए, बिभिन्न आपद् विपद्, उकाली ओराली, दुःख सुखहरु भोग्दै यो देशको स्वतन्त्र अस्तित्व कायम रहन असम्भव थियो । अनि हामी नेपालीले आफूलाई नेपाली भन्न कदापि पाउने थिएनौं । श्री ५ वडामहाराजाधिराज पृथ्वीनारायणा

शाहको राष्ट्रनिर्माण तथा राष्ट्रिय एकीकरण जस्तो दूरदर्शी अभियान तत्कालै नचालिदिएका भए हामी नेपालीहरु आफ्नो पहिचान गुमाएर कहाँ बिलय भइसक्थ्यौं । नेपालीलाई एकसूत्रमा बाँध्ने पुरुषार्थी राजा हाम्रा पुर्खाहरुले पाएकाले आज हामी नेपालीले विश्वसामू माथा उचा पार्न पाएका हौं । त्यस्तो द्रष्टा राजा र वीर नेपाली योद्धाहरुको शालिक तोफोड गर्ने र देशभक्त सेनालाई राजनीतिमा मुछेर, यसको साहस, त्याग, सेवा र उत्साहमा हरेश गराउने, निषेध र अनास्था बढाउने तत्त्वसँग हामी ज्यादै सचेत हुनुपर्ने देखिन्छ । यस कुरामा हामीले बुद्धिमत्तासाथ छिमेकी मित्रराष्ट्रहरुसँग सन्तुलित र असंलग्न परराष्ट्र नीतिप्रति गम्भीर हुनुपर्ने देखिन्छ । नेपाली सेना जस्तो पवित्र संस्थालाई राजनीतिक घेरामा पारेर, यसको भूमिकाको अवमूल्याङ्कन गर्नु, राजनीतिक हस्तक्षेप गर्नु, सुकार्यहरुको अपब्याख्या गर्नु, यसको त्याग र वलिदानको निन्दा र उपेक्षा गर्नु हामी नेपालीका निम्ति कल्याणदायक हुँदैन। नेपाली मुटुको स्पन्दन मानिने (Core of the heart) नेपाली सेना नहुने हो भने नेपालको अस्तित्वको प्रश्न आउँछ । शदियौंदेखि मुलुकको अस्तित्व बचाउँदै आएको नेपाली सेना जस्तो संस्थाले पनि वर्तमान समय-परिस्थितिको गम्भीर अध्ययन गर्नै पर्ने हुन्छ । यस संस्थाले आफूलाई समयानुकूल गतिमा अगाडि बढाएर अझ गरिमामय बनाउनु पर्ने हुन्छ । विश्व परिस्थितिको सामु सामरिक, प्राविधिक आविष्कारहरुलाई अध्ययन, मनन, चयन र सिको गरेर यस पेशालाई मानवोचित, मर्यादित, ब्यबहारयोग्य बनाउनु पर्ने र नेपालका सपूत राष्ट्रवादीहरुलाई पुरष्कृत, अराष्ट्रियहरुलाई दण्डित गर्न यस संस्थाले सक्नु पर्ने हुन्छ । त्यसो नगरी केबल पुर्खाको स्तुति, नेपाली सपूत तथा विगतका बहादुरीको बिरासतको यशगान मात्रले योग्य तथा निपुण सेना बनाउन सकिदैन । अबका दिनहरुमा झन् जटिलता थपिँदै छन्, यस्तो विसंम परिस्थितिमा नेपाली सेनाले आफ्नो गौरव, अस्मिता, मौलिकता, ब्याबहारिकता बढाएर विकसित देशका आधुनिक उपकरणहरुबाट ज्ञान हाशिल गरेर मौलिक आविष्कार गरी जनताको संरक्षण गरेरै आधुनिकीकरणको प्रचूर प्रयोग, उपयोग, उपभोग तथा मुलुकको उन्नति गर्न सक्नुपर्ने देखिन्छ । तव मात्र नेपाली सेनाले प्राचीनकालदेखिका पुर्खाहरुको विरासतलाई अझ उच्च पार्दै देश सेवालाई निरन्तरता दिएर अग्रणी बन्न सकियो भने मात्र विश्व समुदायले नेपाली सेनाप्रति धन्य र वाह वाह गरेर विश्व मानव जगत नतमस्तक रहने छ ।

**ग्रन्थसूची**


आचार्य, बाबुराम. (२०३७). पछिल्लो लिच्छवि राज्य. *पूर्णिमा, ४८,* पृष्ठ, १९ ।

खनाल, मोहनप्रसाद. (२०५६). *सिमरौमगढको इतिहास.* काठमाण्डौंः नेपाल र एशियाली अनुसन्धान केन्द्र ।

खत्री, टेकबहादुर. (२०४१). *शाही नेपाली सेनाको इतिहास.* काठमाण्डौः शारदा कुमारी ।

टण्डन, गोविन्द (२०५६). पशुपति क्षेत्रको साँस्कृतिक अध्ययन, काठमाडौंः झरेन्द्रशमशेर राणा ।

डबराल, शिवप्रसाद. चारण (२०२६) उत्तराखण्डका इतिहास, भाग ३, गढबालः बीरगाथा प्रकाशन ।

तिवारी, रामजी र अरु (२०२०). *अभिलेख संग्रह,* दशौं भाग, काठमाण्डौंः संशोधन मण्डल ।

नेपाल, ज्ञानमणि (२०४४). *नेपाल निरुक्त,* काठमाण्डौंः नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

पाण्डेय, रामनारायणदत्त, (२०४५) *श्री महाभारत, वनपर्व, घोषयात्रापर्व,* गोरखपुरः गीता प्रेस ।

बज्राचार्य, धनबज्र र नेपाल. *ज्ञानमणि (२०२०).* जयरत्नाकर नाटक, काठमाण्डौंः नेपाल साँस्कृतिक परिषद ।

बज्राचार्य, धनबज्र. (२०२६) "गुहार युग" *मधुपर्क, वर्ष २,* अङ्क ६, पृष्ठ, ६८-८० ।

बज्राचार्य, धनबज्र, (२०३०) *लिच्छविकालका अभिलेख,* काठमाण्डौंः नेपाल र एशियाली अनुसन्धान केन्द्र ।

राजवंशी, शङ्करमान (२०३६ ) *लिच्छविकाल नेपालमा गुप्तको राजनीति,* काठमाण्डौँ: प्राचीन नेपाल, ४९-५२ ।

रेग्मी, जगदीशचन्द्र, (२०५३) *लिच्छवि इतिहास,* काठमाण्डौँ: नेपाल र एशियाली अनुसन्धान केन्द्र ।

लेभी, सिल्भ्याँ, (२००८ ई.) *नेपाल, हिन्दू अधिराज्यको इतिहास,* ( नेपाली अनुवाद, डिल्लीराज उप्रेती) काठमाण्डौः हिमाल बुक्स ।

वैद्य तुलसीराम, (२०२८) *पृथ्वीनारायण शाह-रणजीत मल्लकालीन कागत-पत्र,* काठमाण्डौँ: नेपाल अध्ययन संस्थान ।

स्कन्दपुराण, माहेश्वर खण्ड, कुमारिका खण्ड, ३९ अध्याय, १२९ श्लोक, नेपाल, २०४०, पृष्ठ, २७ ।

शर्मा, शिवप्रसाद, (२०४९) *नेपालको सैनिक इतिहास,* काठमाण्डौँ: शाही नेपाली जङ्गी अड्डा ।

सुवेदी राजाराम, (२०७८) *नेपालको तथ्य इतिहास,* तेस्रो संस्करण, काठमाण्डौँ: शीखा बुक्स ।

सुवेदी, राजाराम, (२०५५) *बाइसी राज्यको ऐतिहासिक रुपरेखा,* काठमाण्डौः नेपाल र एशियाली अनुसन्धान केन्द्र ।

श्रेष्ठ, निर्मल, समरसौन्दर्यका नायक कर्णेल उजीरसिँह थापा र महिषामर्दिनी श्री ७ रणउजीरेश्वरी भगवती जात्रा, पाल्पाः रेखा कार्की ।

Adhikary, Surya Mani, (1988)_*The Khasa Kingdom*, Jaipur: Nirala Publications.

Ambedkar, B. R. (1997) *The Buddha And His Dhamma*, Nagpur: Buddhabhoomi Publication.

Bazracharya, Dhanabajra and Malla, Kamal Prakash, (1985) *The Gopalraj Vamshavali*, Kathmandu: Nepal Research Center.

Etkinson, Edwin T. (1974) *Kumaon Hills*, New Delhi: Cosmo Publication.

Landon, Perceval, (1976), *Nepal*, Vol. I and Vol. II, Ratna Pustak Bhandar.

Majumdar, R.C. (1991) *Ancient India, Delhi*: Motilal Vanarasidas,.

Mall, K. P. (1985) Epigraphy and Society of Ancient Nepal A Critique of Regmi, *Contributions to Epalese Studies,* Vol. 13, No. 1, pp. 61.

Petech, Luciano, (1984), *Medieval History of Nepal*, Rome: ISMEO.

Pradhan, K. L. (2012) *Thapa Politics in Nepal,* Mijoram: Govt. of Faizabad College.

Roerich, George N. (1996) *The Blue Annals*, Part l & ll, Delhi: Motilal Banarashi Das.

Slusser, Mary Shepherd, (1982) *Nepala Mandala*, *A Cultural, Study of the Kathmandu Valley,* 2 Vols. Prinston: Princeton University.

-◆◆◆-